https://doi.org/10.3126/dristikon.v13i1.56103

**समकालीन नेपाली कवितामा यथार्थवादी धारा**

दीपकप्रसाद न्यौपाने, विद्यावारिधि

उपप्राध्यापक
नेपाली विभाग
महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल
deepak.neupane@mahmc.tu.edu.np

**लेखसार**

यो लेख नेपाली कविताको विकासप्रक्रियाको विश्लेषणसँग सम्बन्धित रहेको छ । नेपाली कविताको विकासप्रक्रियाका अध्ययनका सन्दर्भमा वि.सं. २०३६ को सडक कविताक्रान्तिपछिको समयावधिलाई समसामयिक युग नामकरण गरिएको पाइन्छ । कुनै एक प्रवृत्तिले स्थिरता प्राप्त गरिनसकेका अवधिमा कालिक सन्दर्भलाई आधार बनाई यस किसिमको नामकरण गर्नु सान्दर्भिक देखिए पनि निश्चत प्रवृत्तिको स्थिरीकरणसँगै कुनै वस्तुगत नाम दिनु वैज्ञानिक हुन्छ । यही सन्दर्भमा वि.सं. २०३६ भन्दा पछिको नेपाली कवितामा केकस्ता प्रवृत्तिहरू देखापरेका छन् र प्रवृत्तिगत दृष्टिले यस अवधिलाई के नाम दिनु उपयुक्त हुन्छ भन्ने मूल समस्यामा केन्द्रित रही यो लेख तयार पारिएको छ । यसका लागि यस लेखमा यस चरणका धेरै कविताहरूलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा र नेपाली कविता तथा यसको समसामयिक युगका बारेमा गरिएका विश्लेषणहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । गुणात्मक अनुसन्धानका ढाँचामा केन्द्रित रही तयार पारिएको यस लेखमा विशेष गरी सूक्ष्म पठन तथा विश्लेषण विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । यस चरणका कविताहरू मूलतः वस्तुयथार्थका अभिव्यञ्जनामा केन्द्रित रहेका हुनाले प्रवृत्तिगत दृष्टिले यस अवधिलाई यथार्थवादी युग नामकरण गर्नु वैज्ञानिक हुने निष्कर्षलाई यस लेखले अगाडि सारेको छ । नेपाली कविताको पछिल्लो चरणलाई प्रवृत्तिगत दृष्टिले वैज्ञानिक रूपमा यथार्थवादी युग भनेर नामकरण गर्नु यस लेखको प्राप्ति तथा प्राज्ञिक योगदान रहेको छ ।

*शब्दकुञ्जी*: आधुनिकता, उत्तरआधुनिक, परवर्ती, यथार्थवाद, समसामयिक

**विषयपरिचय**

विश्वसाहित्यमा कविता सबैभन्दा प्राचीन विधाका रूपमा स्थापित रहेको छ । यस विधाले आफूलाई विकसित गर्दै जाँदा अनेक किसिमका प्रवृत्तिगत वैशिष्ट्यलाई ग्रहण गर्दै आफ्नो स्वरूपमा नवीनता थप्दै गएको छ । नेपाली साहित्यमा पनि कविता सर्वप्राचीन विधाका रूपमा देखापर्दछ । हालसम्ममा यसले लगभग २५० वर्षको आयु भोग गरिसकेको छ । यो सिङ्गो परम्परालाई प्राथमिक, माध्यमिक तथा आधुनिक काल र ती कालखण्डअन्तर्गत विभिन्न चरण तथा उपचरणमा छुट्ट्याई नेपाली कविताको विकास प्रक्रियाको अध्ययन गरिएको पाइन्छ । यस सन्दर्भमा आधुनिक कालखण्डअन्तर्गत २०३६ भन्दा पछिका समयलाई सासामयिक युग भनेर काम चलाइँदै गरेको छ । यो लामो समयशृङ्खलालाई अब कुनै न कुनै नामकरण गर्नु अनिवार्य भइसकेका सन्दर्भमा यस युगमा नेपाली कवितामा देखिएका प्रवृत्तिहरूका समष्टिमा यस अवधिलाई यथार्थवादी युगका रूपमा नामकरण गर्नु सान्दर्भिक देखिएकाले यथार्थवादी युगका रूपमा यस कालखण्डलाई चिनाउन खोजिएको हो ।

नेपाली साहित्यमा कविता विधाले सिर्जनात्मक साहित्यका सन्दर्भमा पृथ्वीनारायण शाहका समकालीन सुवानन्द दासदेखि प्रवेश पाएको तथ्य फेला पर्दछ (लुइटेल, २०६०, पृ. १७१) । नेपाल एकीकरण अभियानका सन्दर्भमा वीरवन्दनाबाट आरम्भ भएको नेपाली कविता वीरधारा, भक्तिधारा तथा शृङ्गार धारा हुँदै आधुनिक कालमा प्रवेश गरेको पाइन्छ । सूक्तिसिन्धु (१९७४) को प्रकाशन र त्यसको प्रतिबन्धनलाई सन्दर्भ बनाएर वि.सं.१९७५ पछिको समयलाई आधुनिक काल मान्ने गरिएको भए

पनि कतिपयले गद्य कविताको प्रवर्तन लगायतका सन्दर्भलाई आधार बनाई १९९१ देखि आधुनिक कालको आरम्भ भएको तर्क अगाडि सारेका छन् । यसै गरी नेपाली कविताको वर्तमान युगलाई पनि समकालीन युग, समसामयिक युग, उत्तरवर्ती युग, परवर्ती युग, उत्तरआधुनिक युग जस्ता विभिन्न नामद्वारा चिनाइँदै आएको पाइन्छ । वि.सं.२०३६ देखि वर्तमानसम्मको नेपाली कविताको स्वरूप निरूपण गर्दा यस अवधिमा यथार्थवादी प्रवृत्तिले स्थिरता प्राप्त गरिसकेकाले वर्तमान नेपाली कवितालाई प्रवृत्तिगत रूपमा नामकरण गर्नाका लागि प्रस्तावका रूपमा यस युगलाई यथार्थवादी युग नामकरण गर्न खोजिएको छ ।

**समस्या कथन**

यस लेखमा नेपाली कविताको ऐतिहासिक विकासका सन्दर्भमा आधुनिक कालको समसामयिक युगलाई प्रवृत्तिगत दृष्टिले कुनै खास नाम दिनु अनिवार्य देखिएकाले यस युगमा केकस्ता प्रवृत्तिहरू देखिएका छन् र यो काल खण्डलाई कुन नाम दिनु उपयुक्त हुन्छ भन्ने मुख्य विषयको विश्लेषणका सन्दर्भमा प्रस्तुत लेखमा निम्नलिखित समस्याहरूको प्राज्ञिक समाधान खोज्ने प्रयास गरिएको छ :

क. समसामयिक नेपाली कवितामा के कस्ता प्रवृत्तिहरू देखापरेका छन् ?

ख. प्रवृत्तिगत दृष्टिले समकालीन नेपाली कविताको नामकरण कसरी गर्न सकिन्छ ?

**उद्देश्य**

समकालीन नेपाली कविताका मुख्य प्रवृत्तिको विश्लेषणमा आधारित प्रस्तुत लेख निम्नअनुसारका उद्देश्यमा केन्द्रित रहेको छ :

क. समसामयिक नेपाली कविताका मुख्य प्रवृत्तिहरूको विश्लेषण गर्नु

ख. प्रवृत्तिगत दृष्टिले समकालीन नेपाली कविताको नामकरण गर्नु

**औचित्य र महत्त्व**

यो लेख नेपाली नेपाली कविताको समसामयिक युगका प्रवृत्तिहरूको विश्लेषणमा केन्द्रित रहेको छ । नेपाली कविताको २०३६ पछिको समयशृङ्खलाई काम चलाउ नामका रूपमा समसामयिक युग नामकरण गरिएको छ । समसामयिक शब्दले वर्तमान वा हिजो आज भन्ने छोटो समयलाई मात्र जनाउँछ । यो शब्दले चालिस पैंतालिस वर्षको समयावधिलाई समेट्न नसक्ने तथा यो लामो समयशृङ्खलामा यथार्थवादी प्रवृत्ति केन्द्रीय प्रवृत्तिका रूपमा स्थिर भइसकेका सन्दर्भमा यस लेखमा यस युगका समग्र प्रवृत्तिहरूको विश्लेषण गरी यथार्थवादी युगका रूपमा यस युगको नामकरण गर्न सकिने निष्कर्षलाई प्रस्तुत गरी आधुनिक नेपाली कविताको वर्तमान युगको नामकरण गरिएकाले यो लेखको औचित्य तथा महत्त्व रहेको छ । यस लेखबाट नेपाली कविताको विकासप्रक्रियाका बारेमा अध्ययन तथा शोध गर्न चाहने शोधार्थी तथा अध्ययन कर्ताहरूलाई सहयोग पुग्ने भएकाले पनि यसको औचित्य तथा महत्त्व रहने देखिन्छ ।

## शोधविधि तथा सामग्री

यस अध्ययनमा पुस्तकालयीय स्रोतबाट सामग्री जुटाइएको छ । यसका लागि यस लेखमा आधुनिक नेपाली कविताका वि.सं. २०३६ पछाडि रचना गरिएका केही प्रतिनिधि कविताहरूलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा र नेपाली कविता तथा यसको समसामयिक युगका बारेमा गरिएका विश्लेषणहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । गुणात्मक अनुसन्धानका ढाँचामा केन्द्रित रही तयार पारिएको यस लेखमा विशेष गरी सूक्ष्म पठन तथा विश्लेषण विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ यसरी प्रस्तुत अध्ययनमा मूलतः विश्लेषणात्मक ढाँचामा आधारित भई सामाग्रीको सूक्ष्म पठन तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## परिणाम तथा छलफल

### साहित्यमा आधुनिकता र नेपाली कविताको आधुनिक काल

आधुनिकता कालिक आनुक्रमिकतामा प्रवृत्तिविशेषको प्रवेशबाट निर्मित अवधारणा हो । सामान्यतया विगतका कालिक शृङ्खलाहरूमध्ये आधुनिक काललाई सबैभन्दा पछिल्लो कालखण्डका रूपमा हेरिँदै आए पनि अहिलेचाँहि आधुनिकभन्दा पछिको उत्तरआधुनिक कालखण्डको पनि परिकल्पना गरिएको छ । त्यसो त उत्तरआधुनिक काललाई आधुनिक कालखण्डभित्रै समेटिने गरेको पनि पाइन्छ । यसरी हेर्दा कालिक बिन्दुका रूपमा आधुनिक काल त्रिखण्डी कालिक अवधारणामध्ये सबैभन्दा पछिल्लो कालखण्ड मानिन्छ ।

आधुनिक काललाई केवल कालखण्डीय अवधारणाको रूपमा मात्र नहेरी यसलाई खासखास प्रवृत्तिगत विशेषताका रूपमा समेत बुझ्ने गरिएको छ । नेपाली शब्दसागरमा आधुनिक शब्दको अर्थ नवीन, हालसालको, भर्खरैको, आजकलको, अचेल चलेको, वर्तमान समयको भन्ने लगाइएको छ (पृ.१३३) । यसले पनि आधुनिक शब्दले केवल कालिक बिन्दुलाई मात्र सङ्केत नगरी नयाँ स्वरूप, नयाँ आयाम तथा नयाँ आकृतिमा सृजित वस्तुरूप भन्ने तात्पर्य बोकेको पाइन्छ । पूर्वीय सन्दर्भमा आधुनिकतालाई कालखण्डीय आयामका रूपमा मात्र हेरिए पनि पश्चिममा चाँहि यसलाई कालिक निरन्तरतामा खास प्रवृत्तिविशेषको उपस्थितिबाट निर्मित कालिक तथा नवीन प्रवृत्तिगत विशेषताका रूपमा लिने गरिएको छ । साहित्यका सन्दर्भमा पश्चिमले खास प्रवृत्तिको विकास भई साहित्यमा त्यसको प्रयोग भइसकेपछिको सर्वथा नवीन रूपलाई आधुनिकताका रूपमा चिनाइएको पाइन्छ । पाश्चात्य जगत्मा आधुनिकताका प्रमुख कारकका रूपमा औद्योगिकीकरण, पूँजीवादी सामन्दीवादी व्यवस्था, अस्तित्ववादी विसङ्गतिवादी दर्शन तथा पहिलो र दोस्रो विश्व युद्धलाई लिइन्छ (लुइँटेल २०६०, पृ. २१९) । खासगरी औद्योगिक विकाससँगै पश्चिमी जगत्मा चेतनाको नयाँ ढङ्गले विकास हुन थालेको छ । पूँजीवादी अर्थतन्त्रको विकाससँगै प्रथम तथा द्वितीय विश्वयुद्धले परम्परित मूल्यमान्यतामा नै विखण्डन ल्याई नवीन मूल्यमान्यताको स्थापना गरेको छ । यही मूल्यमान्यतालाई नै पश्चिममा आधुनिकताका रूपमा स्वीकार गरिएको पाइन्छ ।

आधुनिकताका सार्वत्रिक र सार्वभौम मूल्य भए पनि यो देश विशेषमा आधारित रहेको हुन्छ । पश्चिमी जगत्मा जुन समय बिन्दुदेखि आधुनिकताको थालनी भएको मानियो नेपाली सन्दर्भमा त्यो मिलेको पाइदैँन । पश्चिममा स्वच्छन्दतावादलाई आधुनिक मानिएको छैन तर हाम्रा सन्दर्भमा स्वच्छन्दतावाद मात्र नभई त्यसभन्दा अघिको परिष्कारवादी धारा पनि आधुनिक प्रवृत्ति विशेषका रूपमा स्वीकार्य छ । अन्ध परम्पराको विरोध तथा नवीन वैज्ञानिक यथार्थवादी, तार्किक र सार्वजनिक अवधारणाको प्रस्तुति तथा प्रयोगशीलता आधुनिक साहित्य तथा कविताका मूलभूत प्रवृत्ति मानिन्छ (लुइँटेल २०६०, पृ. २२६) । खासगरी परम्परित मूल्यमान्यताका विपरीत नवीन मूल्यमान्यताका साथै नवीन रूपसौन्दर्यका साथ निर्मित रचनालाई आधुनिक रचनाका रूपमा बुझ्नु वैज्ञानिक मानिन्छ ।

नेपाली कविताका सन्दर्भमा आधुनिकताका रूपमा उठेको विवाद यद्यपि नौलो होइन । शृङ्गारिकतालाई नेपाली कविताको माध्यमिक कालीन प्रवृत्ति मानिन्छ । यसमा कुनै विवाद छैन । सूक्तिसिन्धु (१९७४) माध्यमिक कालको उत्कर्ष हो । यसको प्रतिबन्धले नेपाली कविताको विषयवस्तुमा परिवर्तन आयो । अब नखशिखावर्णनमा सीमित कवितामा मात्र केन्द्रित रहने वातावरण रहेन । जसले गर्दा कविताका लागि नयाँ विषयवस्तुको आवश्यकता महसुस गरियो । शिल्पगत रूपमा पनि १९७० को दशक पूर्ववर्ती चरणभन्दा भिन्न नै रहेको देखिन्छ । राममणि आ.दी.को हलन्तबहिष्कार भाषिक आन्दोलनले नेपाली भाषामा व्याकरिणक अनुशासनका साथै लेख्य परम्परामा मानकको खोजी गर्न थालियो । यही समयदेखि व्याकरण लेखनको पनि आरम्भ हुन थाल्यो । हलन्त बहिष्कार भाषिक आन्दोलनको समर्थन र विरोध एवम् तिनका बिच समन्वयनका क्रममा चन्द्रिका लगायतका

नेपाली लेख्य व्याकरण स्थापित हुन लागिरहेको र लेख्य व्याकरणका अनुशासनमा हिंडाउने प्रयास भइरहेको अनि कविताको स्तरीयकरणका साथै नवीन कवितापथको खोज र प्रयोग चालु रहेको परिप्रेक्ष्यमा वि.सं. १९७३–७४ वा १९७५–७६ तिर आधुनिक नेपाली कविताको प्रथम धाराका रूपमा परिष्कारवादी धारा प्रकट हुन पुग्यो (त्रिपाठी र अन्य, २०५४, पृ. ११९)।

साहित्यमा आधुनिकता देशपरिवेशको सन्दर्भमा आधारित हुने कुरा माथि उल्लेख भइसकेको छ। नेपाली कविताको सन्दर्भमा पनि त्यस्तै छ। हाम्रो परिवेशमा वि.सं. १९७५ को समयबिन्दुदेखि नै आधुनिक कालको आरम्भ भएको हो भन्ने आधारहरू पर्याप्त मात्रामा रहेका छन्। शृ्ङ्गारिक विषयवस्तुमा परिवर्तन आई सामाजिक चेतना, नैतिक चेतना तथा आध्यामिक चेतनामूलक विषयवस्तुको प्रयोग हुनु, समाजबोध, राष्ट्रबोध तथा विश्व परिवेशको अभिव्यक्तिगत चेतनाको प्रयोग हुनु, हिन्दी, बङ्गाली साहित्यको प्रभावका माध्यमबाट पश्चिमी कवित्व चेतनाको प्रभाव देखापर्न थाल्नु, माध्यमिक कालका तुलनामा विषय तथा शिल्प दुवै स्तरमा कवितात्मक सौन्दयको उत्कर्षता देखिनु, व्याकरणिक अनुशासनमा आधारित परिष्कारपूर्ण शिष्ट कवित्वको प्रयोग हुनथाल्नु, छन्दगत शास्त्रीयता, मानक भाषिक रूपको प्रयोग तथा शिल्पगत परिष्कारमा केन्द्रित कवित्वको विकास हुनु, लोकतŒवको प्रयोगमा न्यूनता रही प्रायः स्तरीय र शिष्ट भाषिक अनुशासनमा आधारित कवित्वको विकास हुनु, नेपाली कवितामा नेपालको राष्ट्रिय राजनीतिका साथै भारतीय एवम् विश्व राजनीतिक घटना परिघटना र त्यसबाट सृजित नवीन मूल्यमान्यताको प्रयोग हुनु, कविता विधाका फुटकर, खण्डकाव्य तथा महाकाव्यजस्ता उपविधागत भेदमा विस्तार आउनुजस्ता कारणहरूले गर्दा वि.सं. १९७५ भन्दा पछाडिका समयावधिलाई नेपाली कविताको आधुनिक काल मान्ने गरिएको छ। खासगरी १९७५ भन्दा पछि लेखनाथ पौड्यालले नेपाली जनजीवनमा सुहाउँदो परिष्कारपूर्ण विषयवस्तु र नेपाली भाषिक परिवेशसँग मिल्दो भाषा शैलीगत शास्त्रीयताको प्रयोग गर्न थालेपछि नेपालीमा १९७५को समयबिन्दुदेखि नै आधुनिक कालको थालनी भएको पाइन्छ। पश्चिमी साहित्यले प्रतीकवादी एवम् प्रयोगवादी लेखनलाई मात्रै आधुनिक माने पनि नेपाली सन्दर्भमा त्यो युक्तिपूर्ण मानिदैन। पश्चिमी मोडल नै अङ्गीकार गर्ने हो भने त बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, विजय मल्ललगायतका कविहरूलाई माध्यमिक कालीन कवि मान्दै मोहन कोइरालादेखि आधुनिक काल मान्नु पर्ने हुन्छ, नेपालीमा यो सम्भव छैन। विषय र शिल्प प्रयोगगत नवीनता तथा कवितागत स्तरीयतालाई आधार मानेर हेर्दा वि.सं. १९७५ देखिको समयलाई नै नेपाली कविताको आधुनिक काल मान्नु पर्दछ।

**समसामयिकता र नेपाली कविताको समसामयिक युग**

एतत् कालीन समय शृङ्खलालाई जनाउँन विभिन्न पारिभाषिक शब्दहरूको प्रयोग गर्ने परम्परा सबैतिर पाइन्छ। नेपाली कविताको सन्दर्भमा पनि आधुनिक कालढिक्काको पछिल्लो शृङ्खलालाई जनाउँन यस्तै नयाँनयाँ शब्दहरू प्रयोगमा आएका छन्। यस्ता शब्दहरू हुन्– समसामयिक युग, समकालीन युग, परवर्तीयुग, उत्तरवर्ती युग, उत्तरआधुनिक युग आदि। नेपाली कविताका सन्दर्भमा कालिक प्रवृत्तिका रूपमा समसामयिकता वा समकालीनतालाई परिभाषित गर्दै २०३०–३६ पछिका समयवधिलाई समसामयिक युगका रूपमा चिनाउँदै आएको पाइन्छ (त्रिपाठी र अन्य, २०५४, पृ. १३१)। केही मात्रामा कविताको स्वरूपलाई सङ्केत गरी यस युगको नामकरण गरे पनि यसको सन्दर्भ विषयवस्तुगत स्वरूपतिर कमै मात्रामा जोडिएको पाइन्छ। नेपाली कवितामा मोहन कोइरालामार्फत प्रवेश गरी उत्कर्षमा पुगी २०३० को दशकसँगै शिथिल बन्दै गएको प्रयोगवादी धाराभन्दा पछाडिको लेखनलाई नै समसामयिक वा समकालीन युग भनिएको पाइन्छ।

समसामयिकतालाई शर्मा (२०५२, पृ. ६८१) मा वर्तमानता भनिएको छ। त्रिखण्डी कालिक अवधारणामध्ये भूतलाई अतीतता, भविष्यलाई आगामीतता र वर्तमानलाई समसामयिकताका रूपमा चिनाएका शर्माले यस सन्दर्भमा दुई खालका विचार अगाडि आएको धारणा राखेका छन् – पुरानो भए पनि वर्तमानसम्म शाश्वत मूल्य भएको रचना र युगीन परिवर्तनअनुसार बदलिएको वर्तमान र वर्तमान कालीन कृति। यसरी समकालीनता वा समसामयिकतालाई व्यापक र सीमित दुवै सन्दर्भबाट हेर्न सकिए पनि यसले अद्यतन कालावधिलाई सङ्केत गरेको पाइन्छ। नेपाली कविताका सन्दर्भमा २०३६ भन्दा पछिका कवितामा समयलाई आजको कविता भन्ने तात्पर्यतामा समसामयिकता नामाकरण गरेको पाइन्छ (न्यौपाने, २०६६, पृ. २२)।

समकालीनता वा समसामयिकताकै तात्पर्य हुने गरी परिवर्ती तथा उत्तरवर्ती शब्दको समेत प्रयोग हुँदै आएको पाइन्छ । यी पूर्ववर्ती शब्दका व्यतिरेकी शब्द हुन् । यिनीहरूले खाससमय बिन्दुभन्दा पछाडिको भन्ने अर्थ दिन्छन् । नेपाली कविताका सन्दर्भमा प्रयोगवादको अपकर्षलाई समयबिन्दु बनाएर त्यस पछिको समयलाई उत्तरवर्ती वा परवर्ती नामकरण गरिएको पाइन्छ । सडक कविता क्रान्तिले नेपाली कवितालाई नयाँ संस्करणमा अवतरण गर्ने काम गर्‍यो । वि.सं. २०१७–३० को मूल धारमा कविताले पाठकसँग सम्बन्ध तोडेको थियो । सडक कविता क्रान्तिले उक्त सम्बन्धलाई जोड्ने काम मात्र नगरी कवितालाई आस्वादनको समेत विषयवस्तु बनाउने काम गरेकाले यसपछिको समयलाई परवर्ती वा उत्तरवर्ती युगका रूपमा चिनाएको देखिन्छ । यी शब्दले पनि समसामयिकताकै तात्पर्यलाई ग्रहण गरेको पाइन्छ ।

पश्चिमी साहित्यका अन्धानुकरणका सन्दर्भमा यस युगलाई उत्तरआधुनिक युग भन्न खोजिए पनि नेपाली कविताका सन्दर्भमा यस युगले उत्तरआधुनिक प्रवृत्तिलाई अङ्गीकार गर्न सकेको देखिदैँन । नेपाली कवितामा यस ढाँचाका कविता लेखनमा केही सीमित व्यक्तिले मात्र कलम चलाएका छन् । बहुलता, विधाभञ्जन विपठन, विनिर्माणजस्ता उत्तरआधुनिक प्रवृत्तिको न्यूनता देखिए तापनि वर्तमान नेपाली कवितामा पयार्यवरणीय चेतना, आप्रवासीय चेतना, जातीयता, नश्लीयताजस्ता कतिपय उत्तरआधुनिक चेतनको सामान्य प्रयोग चाहिँ रहेको पाइन्छ । तर यस्ता सीमित मान्यता र आधारमा यो युग शृङ्खलालाई उत्तरआधुनिक युग नामकरण गर्नु चाहिँ असान्दर्भिक नै देखिन्छ ।

नेपाली कविताको समसामयिक युगका लागि दिइएका विविध नामहरूमध्ये उत्तर आधुनिक बाहेकका सबै नामले एउटै तात्पर्यता ग्रहण गरेका छन् । २०३०–३६ पछिको यति लामो ४० वर्षको समय शृङ्खलालाई जनाउँन यी नामहरू त्यति उपयुक्त देखिँदैनन् । यस अवधिमा कुनै खास प्रवृत्ति विशेषले स्थिरता प्राप्त गरिसकेकाले वर्तमान नेपाली कवितालाई प्रवृत्तिगत नाम दिनु उपयुक्त देखिन्छ ।

नेपाली कविता लेखनका सन्दर्भमा २०३० भन्दा पछि प्रयोगवादी लेखन केही खस्कँदो अवस्थामा रहे पनि २०३० देखिको समयलाई कुनै खास नाम दिने आधार देखिदैँन । २०३६ को सडक कविता क्रान्तिले कविताको विषयवस्तु र शिल्प दुवैमा भिन्नता ल्याई वस्तु यथार्थपरक सरल कवितालाई वरण गरेकाले यही समयबिन्दुलाई आधारमा मानेर यस कालखण्डको नामकरण गर्नु सान्दर्भिक हुन्छ । वि.सं. २०३६ भन्दा पछिको नेपाली कविताको समय शृङ्खलाको लागि उपयुक्त हुने प्रवृत्तिगत नामकरण यथार्थवादी धारा गर्नु उपयुक्त ठानिएकाले यहाँ प्रस्तावका रूपमा उक्त नामलाई अगाडि सारिएको छ ।

साहित्यिक क्षेत्रमा यथार्थवादको प्रयोग जीवन र जगत्को वस्तु पक्ष जस्तो रहेको छ त्यस्तै चित्रण गर्ने सिद्धान्तका रूपमा गरिएको छ (शर्मा र लुइँटेल, २०६७, पृ. २९५) । यसले कला सहित्यमा जीवनजगत्को वस्तुयथार्थमा जोड दिन्छ । मानवीय जीवन, समाज, राजनीति, सामाजिक संस्कृति, मानवीय आस्था, विचार, दर्शन, मनोविज्ञानजस्ता यथार्थपक्षलाई कृतिमा प्रतिबिम्बन गर्ने प्रवृत्ति यथार्थवादी साहित्यमा पाइन्छ । नैतिकता, औपदेशिकताजस्ता आदर्शवादी प्रवृत्तिदेखि टाढा रहने यस धाराले बढी जटिल तथा आलङ्कारिक भाषाको प्रयोगमा भन्दा सामान्य बोलीचालीको प्रयोगमा जोड दिन्छ । मूलत : शिल्पगत यथार्थकै माध्यमबाट वस्तुगत यथार्थको प्रस्तुतिमा केन्द्रित हुनु यथार्थवादको विशेषता हो ।

साहित्यका सबै विधामा यथार्थवादको उपस्थिति उही वा उस्तै रूपमा नहुन सक्छ । आख्यान र कवितकाव्यका सन्दर्भमा प्रयोग हुने यथार्थवादको विधागत स्वरूपमा केही मौलिकता नै पाइन्छ । विषयवस्तुगत सन्दर्भमा कवितामा यथार्थवाद उस्तै देखिए तापनि शिल्पका सन्दर्भमा यो आख्यानभन्दा केही भिन्न बन्न पुग्छ । आख्यानमा जस्तो कवितामा बोलचालको सामान्य यथार्थभाषाको प्रयोग हुन नसके पनि सरलता, अकृत्रिमता तथा शास्त्रीय आलङ्कारिक कौशलगत जटिलताको अभावजस्ता विशेषता कवितामा रहेको पाइन्छ । वर्तमान नेपाली कवितामा पनि यथार्थवादी शिल्पका यिनै विशेषताहरूको प्रधानता पाइन्छ ।

वि.सं. २०३६ पछिको आधुनिक नेपाली कविताका लागि यथार्थवादी धारा नामकरण गर्ने आधारहरू पर्याप्त देखिन्छन् । मोहनराज शर्माले समसामयिक नेपाली कविताका प्रवृत्तिहरूको सूक्ष्म रूपमा विश्लेषण गरेको पाइन्छ । शर्मा (२०५५, पृ. १४७) ले

भोगेको यथार्थका रूपमा कविताको प्रस्तुति, व्यापक मानवमूल्यको खोजी, समष्टिको प्रामाणिक अभिव्यक्ति, कथ्य र शैलीको संश्लिष्टता, अजटिल संरचना तथा ठीक भाषाको खोजीजस्ता विशेषताहरू समकालीन नेपाली कवितामा पाइने धारणा राखेका छन्। उनले उल्लेख गरेका यस किसिमका कवितात्मक प्रवृत्ति तथा वैशिष्ट्यहरूले यथार्थवादी लेखनलाई नै सङ्केत गरेको पाइन्छ।

आजका कवितामा वर्तमान मानिसहरूले भोगेको जीवनको प्रस्तुति पाइन्छ। नेपाली कविताका सन्दर्भमा नेपालको राजनीतिक, सामाजिक घटनाप्रतिघटनाको प्रत्यक्ष अभिव्यक्ति कवितामा रहेको छ। २०३६ सालको जनमतसङ्ग्रह, २०४६ सालको बहुदलीय व्यवस्थापनको स्थापना, २०५२ देखिको माओवादी आन्दोलन, २०६२/०६३ को जनआन्दोलन संविधान सभाको २ वटा निर्वाचन, संविधानसभाको गतिहीनता र विलम्बताका साथ संविधान निर्माण, मधेस आन्दोलन, नाकाबन्दी, नेपालको चुच्चे नक्साङ्कन, गणतान्त्रिक व्यवस्थामा आएका आरोहअवरोहहरू, समसामयिक राष्ट्रिय घटनाजस्ता राजनीतिक परिवर्तनका सन्दर्भमा आजको नेपाली कविता पनि यही नेपालको राजनीतिक मार्गसँगै गतिशील र प्रभावित हुँदै गएको छ। यसै गरी आजको कविताको विश्वका घटना प्रतिघटनासँग सम्बन्धित विषयवस्तुलाई पनि वरण गरेको पाइन्छ। अहिलेका कविताले मान्छेका सकस र सङ्कट सोझै बेहोरी कवितामा यथार्थको र वास्तविकताको खोजी तथा त्यसको अभिव्यक्ति गरेको पाइएकाले (शर्मा, २०५५, पृ. १५१) कवितामा व्यापक मानवमूल्यको खोजी भएको पाइन्छ। समष्टिको प्रामाणिक अभिव्यक्तिलाई सार्वत्रिकता वा सार्वभौमिकता भन्न सकिन्छ। यथार्थवादको एउटा विशेषता सार्वत्रिकता र सार्वभौमिकताको प्रकटन पनि हो। स्वच्छन्दतावादले व्यष्टि अनुभूतिको अभिव्यक्तिमा जोड दिए पनि यथार्थवादचाहिँ समिष्टगत अनुभूतिमा केन्द्रित रहनाले आजका नेपाली कविताहरू यथार्थवादी ढाँचामा लेखिएको पुष्टि हुन्छ। कथ्य र शिल्पमध्ये आजका कवितामा कथ्य र विषयवस्तुको प्रधानता पाइन्छ। वस्तुसत्यको प्रकट गर्नका लागि कवितामा सरल संरचनाका साथै आलङ्कारिक भाषाका ठाउँमा ठिक र सही अर्थात कथ्य ढाँचाकै भाषाको प्रयोग गरिनुले पनि आजका कविताहरू यथार्थवादी शिल्पमा उनिएका छन्।

समसामयिक नेपाली कविताका अध्येता लक्ष्मण गौतम (२०६८) ले समसामयिक युगलाई नेपाली कविताको उत्तरवर्ती चरणका रूपमा चिनाई यस चरणका प्रवृत्तिहरूलाई चिनाएका छन्। उनले मानव मूल्यको उपेक्षा, मानवताको खोजी र जीवनको विसङ्गतिको चित्रण, सशस्त्र द्वन्द्वजन्य परिस्थितिको यथार्थ चित्रण, पश्चगमनको विरोध र अग्रगमनको अपेक्षाको अभिव्यक्ति, आर्थिक विसङ्गतिको प्रस्तुति, अन्तर्राष्ट्रियतावादी सञ्चेतना, उत्तरआधुनिक बहुलवादी प्रवृत्तिको प्रभाव, कथ्यगत समानता र पुनरावृत्तीय प्रस्तुति, युगीन विविध विसङ्गतप्रति व्यङ्ख्य, संस्कृति चेतनाको प्रस्तुति, सामुहिकताको अभिव्यक्ति, मानवअधिकारवादी चेतनको अभिव्यक्ति, चित्रकवितात्मक अभिव्यक्ति, मिथकीय प्रयोग, नारीवादी चेतना, प्रविधि संस्कृतिको प्रभाव, भाषिक सरलताको वरण र जटिलताको परित्यागजस्ता प्रवत्तिहरू यस चरणमा देखापरेको निष्कर्ष अगाडि सारेका छन्।

उत्तरवर्ती नेपाली कविताका प्रवृत्तिका रूपमा गौतमले उल्लेख गरेका सबै प्रवृत्तिले यथार्थवादी लेखनलाई नै जोड दिएका छन्। आजका नेपाली कवितामा दुर्घटित हुँदै गएको मानवीय संवेदना, मान्छेले बाँचिरहेको मूल्यहीन जीवन, मानवता हराउँदै गएको स्थिति, मानवीय जीवनका विसङ्गति, मानवताको खोजीजस्ता पक्षहरूको प्रस्तुति पाइन्छ। यिनीहरूले मानवीय जीवनको यथार्थ भोगाइलाई अभिव्यक्त गरेको छ। २०३६ पछिका राजनीतिक घटना प्रतिघटनाका सन्दर्भमा विकसित भएका राष्ट्रिय परिस्थितिका साथै यस अवधिको विश्व राजनीतिको प्रत्यक्ष प्रभाव आजका कवितामा पाइन्छ। आजका सबै कवितामा समसामयिक जनजीवन तथा विश्व परिवेशलाई कथ्य बनाइएकाले र कवितामा वैयक्तिताको नभई सामूहिकताको अभिव्यक्तिमा जोड रहेकाले वर्तमान नेपाली कवितामा यथार्थवादी शैलीको प्रयोग भेटिन्छ। आजका कवितामा वैज्ञानिक प्रविधिको विकासबाट आएका नयाँ प्रविधिको समेत प्रयोग देखिन्छ। यसले गर्दा पनि आजका कविताहरू बढी मात्रामा यथार्थवादी छन्। यथार्थसँग मेल नखाने विधा भञ्जन, विनिर्माणजस्ता उत्तरआधुनिक प्रवृत्तिका साथै मिथकीय प्रयोगजस्ता प्रविधिहरू भेटिए पनि यिनीहरू गौण प्रविधिमात्र बन्न पुगेका छन्। यस अवधिको मूल वैशिष्ट्य चाहिँ यथार्थवादी प्रवृत्ति मान्न सकिन्छ। सर्जकहरू नयाँ नयाँ अभियानका साथ बढीभन्दा बढी वस्तुयथार्थवादलाई संकेत गर्नतर्फ सक्रिय हुनु, कवितालाई राजनीतिक एवम जनचेतनाको वाहक बनाउनु, शास्त्रीयतामा भन्दा

यथार्थमा जोड दिनु, कविता कविताका लागिजस्तो नभई कविता जनचेतनाका लागि, जनविद्रोहका लागि अथवा सामाजिक रूपान्तरणका लागि वा विसङ्गतिप्रतिको विद्रोहका लागि जस्तो देखिन्छ । कवितात्मक अकृत्रिम सौन्दर्यलाई ग्रहण गर्दै वर्तमानका यथार्थका प्रतिविम्बनका साथ अगाडि बढ्नु यस अवधिका कवितामा पाइने विशिष्ट अभिलक्षण हुन् ।

नेपाली कविताको समग्र विकास यात्रालाई हेर्दा प्राथमिककालीन वीर धाराका कवितामा तत्कालीन यथार्थको प्रस्तुति देखिए पनि भक्तिधारा तथा माध्यमिक कालीन शृङ्गारिक धाराका कवितामा वस्तुयथार्थको अभिव्यक्ति ज्यादै न्यून पाइन्छ । आधुनिक कालीन परिष्कारवादी धाराका कवितामा वस्तुपरकता त पाइन्छ तर वस्तुयथार्थ चाँहि कम हुनाका साथै शिल्पगत परिष्कारको मात्रा बढी देखिन्छ । स्वच्छन्दतावादी तथा प्रयोगवादी कवितामा यथार्थको मात्रा न्यून हुनु स्वाभाविक कुरा हो । वि.सं. २०३६ पछिका कवितामा पूर्ववर्ती कतिपय परम्पराको निरन्तरता छँदैछ तर पनि यस अवधिको मूल प्रवृत्तिचाहिँ यथार्थवादी नै देखिन्छ ।

वि.सं. २०३६ पछिको समयावधिलाई यथार्थवादी युग नामकरण गर्न उपयुक्त हुने सन्दर्भलाई यस अवधिका केही प्रतिनिधि कविताका आधारमा स्पष्ट पार्न सकिन्छ । यस अवधिका अधिकांश कविताहरूले समामयिक युगीन यथार्थलाई यथार्थवादी शिल्पमा नै प्रस्तुत गरेको पाइन्छ, यसका साक्ष्यका लागि निम्नलिखित कवितांशहरूलाई उद्धृत गर्न सकिन्छ :

क. भित्ता पर्खाल मन्दिर भित्ता सबैतिर
सत्यासत्य कालो उन्नाइस वर्षले बोलेको छ ।
नौलो अभिनेतालाई देशले हेर्न खोजेको छ ।
टाङटाङ–टिङटिङ पुरानो युग घण्टाघर चिप्लेको छ ।
नयाँ युगको किरिया खाएर घण्टाघर उभिएको छ । (मोहन कोइराला, सटकको आहवान, –२०३८)

ख. सहिदका सपना बिपना हुने यही हो शुभमुहूर्त
नयाँ इतिहास नयाँ शब्दमा रचित लाग्यो (फणीन्द्र नेपाल, समय–स्वर, –२०४६)

ग. तिमीलाई परेवाले घुरेको
प्रशान्त प्रेमको कविता मन पर्छ
तर मलाई थाह थिएन
परेवाको गुँड भत्केको बेला
प्रेमको कविता कसरी लेखिन्छ । (क्षेत्रप्रताप अधिकारी, फूलको कविता, २०५९)

घ. उतापट्टि बाँके परेका घरका सिँडी नै भरि कृयापुत्री छन् ।
यता झिँगटीघरका पिँडीभरि नै कृयापुत्री छन्
राप्ती, माडी, सेती र गण्डकीका बगरै भरि
ढिकुरै ढिकुरा छन् । (प्रज्ञा खनाल, नुन बिलिनो भएको छ, –२०५९)

ङ. म औसीको रातजस्तो यो युगलाई
सदाका लागि अन्माउने तरखरमा छु
र एउटा घाम जस्तै बिहानी
जन्माउने तरखरमा छु । (मनोज तपस्वी, एउटा शताब्दीको अन्त्यतिर–२०६३)

च. यौटा मात्र सुगा रटाई छ नयाँ निर्माण नेपालको
देशै खण्डविखण्ड पार्न कसिए अस्तिव के हुन्छ हो ?
गोष्ठी भाषण सेमिनारहरूमा छन् व्यस्त नेताहरू

खाना, बास,कपास, त्रास, मनमा भोग्छन यी जन्ताहरू। (रश्मि भट्ट, देश र स्थिति, –२०६४)

छ. तिम्रो गर्भाशयबाट जन्मनुको एउटा कठोर सजाय भोगिरहेछु देश
जीवन अचेल जेठको यामजस्तै वाफिलो छ
पुसको चिसो ठिटीजस्तै कठ्याङिग्रदो छ। (विवश पोखरेल, तिम्रो कारागारमा – २०६६)

२०३६ देखि २०७० को दशकसम्म नेपालको राजनीतिक क्षेत्रमा अनेक मोड तथा प्रतिमोडहरू देखापरेका छन्। यसले नेपालको सामाजिक अवस्थालाई व्यापक प्रभाव पारेको छ। यस अवधिका कवितामा यी राजनीतिक घटना प्रतिघटना एवम् सामाजिक स्थितिको प्रत्यक्ष प्रभाव रहेको छ। यस अवधिका अधिकांश कवितामा युगीन यथार्थको कलात्मक प्रतिबिम्बन रहेको कुरा माथिका कवितांशबाट स्पष्ट हुन्छ। शाशक र शासित दुई धारका बीचमा द्वन्द्व चलिरहेका यस अवधिका कवितामा निरङकुश एवम् एकतन्त्रीय शासनपद्धतिको समेत विरोध गरिएको पाइन्छ यसर्थ यथार्थको प्रतिबिम्ब यस अवधिका कवितामा पाइने मुख्य विशेषता हो। यस किसिमको यथार्थको प्रतिबिम्बन कहीं–कहीं विशुद्ध यथार्थको रूपमा, कहीं–कहीं आलोचनात्मक यथार्थका रूपमा र कहीं समाजवादी यथार्थका रूपमा प्रकट भएको देखिन्छ। विशेषतः यस अवधिका कविताले समानता, स्वतन्त्रता एवम् समाज परिवर्तनको आकाङक्षालाई नै विशेषतः प्रस्तुत गर्न खोजेको पाइन्छ। यसका साक्ष्यका लागि निम्नलिखित श्लोकलाई उद्धृत गर्न सकिन्छ :

क. नौलो प्रभात बोकेर कान्ति आउँछन् कि।
दृष्टिहरू बिस्कुनझैं फिजाएर
प्रतीक्षाको दैलो कुरिरहेछु।
मनको सुन्दर गन्तव्यमा पुगिन्छ कि। (अमृतलाल श्रेष्ठ, अबिरल यात्रा –२०४०)

ख. निराश हताश नबनून्, कोही पराधीन।
गौरव स्वतन्त्रता हाम्रो
एकजुट अब गुन्जोस् स्वर अब हामी एउटै नेपाली
विश्वसामु अमर बनोस् शुभ उच्च नेपाली (मोहन कोइराला, देशप्रार्थना, –२०४६)

ग. पाइला कहीं रोक्ने होइन
चुपचाप अब फर्कने होइन
ठूलो हल्ला छ शहरमा
यतिखेर मौन बस्ने होइन (ध्रुव मधुकर्मी, गजल, –२०४६)

घ. सायद अब आउने पुसमाघको जाडोमा
कसैले नि कठ्याङग्रिनु पर्ने छैन।
देशको एउटा सिड्डै गाउँ सिरकविहीन हुने छैन
राउटे पनि जड्डलमा बस्ने छैन
सायद अब 'रैती' बन्दै हेपिएर
हाम्रा किल्ला मिचिने छैन। (मञ्जु काँचुली, लोकतान्त्रिक गणतन्त्र, २०६४)

ङ. चिच्याउ"दै बोलाउन मन लाग्छ शान्तिको दूतलाई
हत्केलाभित्र बस्नुपरेको मेरो देशको माटोलाई।
पख यी रु"गाइहरू भाइचाराको अर्थ खोजिरहेछन्।
पर्ख उनीहरू विकास पहिल्याउन सडक, गोरेटो खन्न खोजिरहेछन्।
(शशी भण्डारी, सडक र गोरेटो, –२०६२)

च. अब यो माटोमा
स्वतन्त्रताका फूलहरू फुलाउन
अब यो माटोमा
न्याय र निष्पक्षताको
सगरमाथा उठाउन
तयार भएका छन्
जुझारु युवाहरू
कटिबद्ध भएका छन्
संघर्षशील युवतीहरू । (रविमान लमजेल, यो देशको माटोमा, –२०६०)

यस अवधिका कविताको एउटा प्रवृति हो समानता, स्वतन्त्रता र सामाजिक परिवर्तन । यस अवधिका अधिकाशं कविका कविताहरूले सामाजिक विकृति, विभेदकता पराधीनता तथा स्थिरताका विरुद्धमा आवाज उठाई समानता, स्वतन्त्रता एवम् सामाजिक परिवर्तनका पक्षमा आवाज उठाएका छन् । यसर्थ समान रूपान्तरणको तीव्र आकाङ्क्षा यस अवधिका कवितामा पाइने प्रमुख अभिलक्षण हो । समसामयिक नेपाली कवितामा नेपालमा विभिन्न समयमा चलेका युद्धहरूलाई पनि विषयवस्तु बनाइएको छ भने यस किसिमका विषयवस्तुमा आधारित कविताको कथ्य र शैली पनि पूर्णतः यथार्थवादी ढाँचामा नै आधारित रहेको पाइन्छ । तथ्यका लागि निमनअनुसारका साक्ष्यलाई अगाडि सार्न सकिन्छ

क. खसीझै कसैलाई घा‘‘टी छिनाली
कसैका दुवै हातगोडा छिमोली
हदैसम्मको यातनाबाट खालि
जहाँ मारिँदा छन्, त्यही देश मेरो । (भरतराज शर्मा ‘मन्थलीय’, कहाँ छ मेरो नेपाल ?, २०६०)

ख. युद्ध मच्चिन्छ मैभित्र जहाँ युद्ध भए पनि
मेरै छाती छिचोलिन्छ, जहाँ गोली चले पनि
मनै थरहरी हुन्छ तिम्रा ती तोप पड्किंदा
मेरै शरीरमा पर्छन् तिम्रा ती बमका छिटा (घनश्याम कँडेल, युद्धयुद्धसितै गर, २०५०)

ग. पर्यटक महोदय
म कसरी तिम्रो सुरक्षाको जिम्मा लिन सक्छु ?
यो छोराछोरीले आमाबाबु काट्ने देशमा
जब म स्वयं सुरक्षित छैनँ
आफ्नै परिवारबीच आफ्नै घरमा । (कालीप्रसाद रिजाल, न आऊ पर्यटक हो, नआऊ, २०५०)

घ. फेरि पुलिस मरेको खबर
छापिएको छ अखबारको मुखपृष्ठमा
नाबालक केटाकेटी विधुवी स्वास्नी र
वृद्ध आमाबाबुको तस्विर
छापिएको छ सँगै । (विश्वविमोहन श्रेष्ठ, उर्दीका सिपाही, २०५९)

ङ. हाम्रो नजिकको चा‘‘गुनारायणको मन्दिर
कलात्मक टुँडाल र गजुर देखिन्छ
धुप र फूलको बासना आउनु पर्ने हो

तर म सुँघिरहेछु बारुदको गन्ध
भजन कीर्तनको धुनको सट्टा
अनि म सुनिरहेछु बन्दुक र बमको आवाज (वंशी श्रेष्ठ, भूदृश्यचित्र, २०५९)

च. डोकामा केही औषधिहरू छन्, कापी किताबहरू छन्।
लत्ता, कपडा र केही मसला, नुन, तेल, मट्टितेल छन्
लुटिने, काटिने, मरिने पो हो कि ?
छातीमा गहौं भय बोकेर
भरियाहरू उकालो चढ्दै छन्। (बद्री पलिखे, एक लस्कर भरिया, २०६६)

छ. अब त अति भो !
अनुभूतिमा कफन बाँधेर स्वतन्त्रताको झन्डा फहराउँदा
बन्दुकका आडमा सत्ताधारीले बितन्डा मच्चाउँदा
बर्दिधारीहरू विशाल भिडसँग जिस्कन्छ कसरी ?
क्रान्तिकारीहरूको लठ्ठीबाट बन्दुकको गोली निस्कन्छ कसरी ?
आएर हेर टीकापुरमा। (इन्दु थारू, आएर हेर टीकापुरमा २०७६)

२०५० कै दशकदेखि नेपालमा गृहयुद्ध चलिरहेको छ यो गृहयुद्धले राष्ट्र क्षत–विक्षत मात्र नभई हाम्रो संवेदना समेत छियाछिया भएको छ। २०५५ पछिका कवितामा यस किसिमका युद्धबाट सृजना भएका मानवीय पीडालाई गम्भीर रूपमा अभिव्यक्त गरिएको पाइन्छ। यसर्थ युद्धजनित पीडाको अभिव्यक्ति समसामयिक युगका कवितामा पाइने विशेषता हो। युद्धको विरोध गरी शान्तिको कामना गरिएका यस अवधिका कवितामा यथार्थवादी शैलीको नै प्रयोग भएको सन्दर्भलाई माथिको साक्ष्यले स्पष्ट पार्दछ। नेपालको राजनीतिमा यही अवधिमा राजतन्त्रविरुद्ध आवाज उठ्नाका साथै राजतन्त्रको समाप्ति भई गणतन्त्रको आगमन भएको विषयवस्तुलाई पनि यस अवधिका कवितामा यथार्थवादी शैलीमा नै प्रस्तुत गरिएको पाइन्छ :

क. बाबू कंश चिन्न सजिलो छ
पहिले वंश सखाप पार्छ
बाँच्न हक माग्नेलाई मार्छ
उसलाई साह्रै मनपर्छ
आत्मप्रशंसा र भजन। (विष्णुविभु घिमिरे, कृष्णले जन्मलिनु हुन्छ)

ख. बाउबाजेको पालको भनेर के गर्नु।
धमिरो लागेपछि धुरीखा"बो फाल्नुपर्छ। (बुँद राना, बाजेको पालाको भनेर के गर्नु)

ग. तिमीले अब आप्mनो मृत्युको
दिनगन्ती, सुरु गरे हुन्छ। (नरेश शाक्य, तिमी रतगका अक्षरहरूले)

घ. श्वेतआतङ्ढकारी यो यसको कुन काम छ
यो अस्ताचलको राहू राख्दा नेपाल जाम छ। (रामचन्द्र भट्टराई, सेतो हात्ती)

लोकतान्त्रिक गणतन्त्रका स्थापनाका संघारमा नेपालमा राजतन्त्रका विरोधमा तीव्र आक्रोशहरू अभिव्यक्त भएका थिए। यस अवधिमा स्रष्टाहरूले समेत राजतन्त्रका विरोधमा प्रतीकात्मक वा प्रत्यक्ष रूपमा व्यङग्य एवम् विद्रोही भावलाई अभिव्यक्त गरेको पाइन्छ। राजतन्त्रका विरोधी स्वरलाई यस अवधिका प्रायः सबै स्रष्टाले प्रस्तुत र्नाका साथै लोकतान्त्रिक तथा गणतान्त्रिक चेतनालाई यथार्थ रूपमा नै सचेतताका साथ उठाएका छन् :

क. हामीले आँखामा सजाएको

त्यो जूनको मानचित्र
हामी सबैका लागि सधैंका लागि
एकमात्र अजरअमर मित्र
लोकतान्त्रिक गणतन्त्र ! (मञ्जु काँचुली, लोकतान्त्रिक गणतन्त्र, २०६४)

ख. विचारको स्वतन्त्रतालाई
लोकतान्त्रिक हक र अधिकारलाई
कुण्ठित गर्ने प्रयास नगर श्यालहरू हो !
बाघको खोल ओढेर । (वनमाली निराकार, जनता भनेका आगो हुन्)

ग. संविधानका पन्नापन्नामा फलेका
गुलिया चिल्ला धारिला अक्षरहरू
भोक मार्ने मकैभटमास बन्न सकेनन्
तसर्थ सुरु भएको छ गणतन्त्रको खेती ! (विक्रम सुब्बा, गणतन्त्रको खेती)

घ. प्यारो त्यो जनको छ मन्त्र अब ता झुप्रो र छाप्रो सधैं
नेपाली अब लोकतन्त्र नलिई बस्तैन झुक्तैन है । (प्रकाश सिलवाल, लोकतन्त्र नलिई)

राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रका स्थापनाका सन्दर्भमा स्रष्टाहरूले सडक कविता आन्दोलन, गणतन्त्रवादी कविता आन्दोलन, लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चजस्ता अभियानहरू सञ्चालन भएका छन् । यस्ता स्रष्टाहरूले लोकतान्त्रिक गणतन्त्रको स्थापना र यसलाई संस्थागत गर्न यथार्थवादी शैलीमा धारिलो स्वर प्रस्तुत गरेका छन् । यस किसिमको विषयवस्तुका माध्यमबाट यस चरणका कविताले नेपालको राष्ट्रिय अखण्डताको स्वरलाई जोडतोडका साथ उठाएका छन् :

क. म सोध्छु
कसले अधिकार दियो तिमीलाई
मनपर्दी सीमा कोर्ने
कसले अनुमति दियो तिमीलाई
पृथ्वीलाई चिरा–चिरा पार्ने (कालिप्रसाद रिजाल, केही अर्थ छैन यी सीमाहरूको)

ख. तिम्रो र हाम्रो घर आउनेजाने बाटोमा
किन ढाट तेर्स्याउँदै छौ ?
चाडपर्वहरू किन पेवा पार्दै छौ ?
तराई, पहाड, हिमाललाई
किन भागबन्डा लाउँदै छौ ?
किन हाम्रो बाटो एउटै बन्न सक्तैन ?
किन हाम्रो माटो साझा बन्न सक्दैन ? (रेखा सुवेदी, साझा हाम्रो एकता, २०६५)

शाहीशासनको अन्तिम समयावधिदेखि वर्तमान सम्मनै संघीयताका नाममा नेपालमा फरक किसिमको राजनीतिक धार अगाडि बढेको छ । आजका धेरै सर्जकहरू संघीयताकै पक्षमा उभिएका छन् तर संघीयताका नाममा राष्ट्र, राष्ट्रियता तथा हामीमा रहेको आस्था कतै टुक्रिने त होइन भन्ने चिन्तालाई आजका कवितामा चित्रण गरिएको देखिन्छ । २०७२ पछिको संविधानले नेपाललाई गणतान्त्रिक मुलुकका रूपमा व्यवस्थित गरे पनि अझैसम्म यो व्यवस्था संस्थागत हुननसकेको अभिव्यक्ति यस अवधिका धेरै कवितामा पाइन्छ । समसामयिक युगमा नारीवादी चेतनाका साथ यथार्थवादी शैलीमा कविता लेख्ने प्रवृत्ति पनि सचेतताका साथ विकसित भएका सन्दर्भलाई निम्नलिखित साक्ष्यका आधारमा स्पष्ट पार्न सकिन्छ :

क. सधैं सधैं घरका धुरीहरूमा
बारका घोचाहरूमा आँगनका बार्दलीहरूमा
घाँटी तन्काउँदै सिउर हल्लाउँदै बास्ने काम भालेको हो
पोथीले मात्र कुरकुराउनु पर्छ
आक्रोशका घुट्का चुपचाप निल्नुपर्छ
अन्डा पार्नुपर्छ ओथारो बस्नुपर्छ
चल्ला काढ्नु अनि तन्मयतापूर्वक हुर्काउनु पर्छ
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन। (कुन्ता शर्मा, पोथी बास्नु हुँदैन)

.ख. पुजिन्छे कहिले नारी देवीमाता भनी भनी
दबिन्छे कहिले नारी जुत्ताका तलुवा मुनि (प्रभा भट्टराई, नारी,२०६०)

पश्चिमी नारीवादी चिन्तनको प्रभावस“गै नेपाली साहित्यमा २०३०को दशकपछि नारीवादी चिन्तनले प्रश्रय पाउँदै आएको छ। परवर्ती युगमा केही पुरुष एवम् केही महिला कविहरूले नारीमाथि भए गरेका शोषण, दमन, अन्याय, अत्याचार आदिको विरोध गरी नारीवादी कविताहरूको रचना गरेका छन्। लैङ्गिक भेदभावमूलक शोषणको विरोध गर्नु यस धारका कविताहरूको विशेषता हो।

२०३६ पछिका यस समसामयिक युगमा जातीय, सांस्कृतिक, नश्लीय, क्षेत्रीय, वर्गीय तथा सीमान्तीय चेतनाका साथ कविता रचना गर्ने प्रवृत्ति पनि विकसित भएको पाइन्छ। यस प्रवृत्तिका कविताहरू पनि पूर्णतः यथार्थवादी शिल्पमा नै आधारित रहेका देखिन्छन्। यसका साष्यका लागि निमनअनुसारका कवितांशहरलाई उद्धृत गर्न सकिन्छ :

क हामीलाई प्यारो लाग्छ
हाम्रो संस्कार संस्कृति हाम्रो चाडपर्व
हामीलाई यसैमा गर्व छ गर्व। (मिश्रा गुरुङ 'मन्जरी, विभेद, २०७६)

ख. दस नङ्ग्रा खियाएर
आदिम कालदेखि
पितापुर्खाले आर्जेको थातथलो यही हो
हाम्रो अस्तितव र सपना कोरल्ने भूगोल यही हो। (बिकु लामा, स्वतन्त्र सीमान्तकृत, २०७६)

ग. म कमैया कहिले उता काम गरेँ
त कहिले यता काम गरेँ
यो जविन बितने भयो काम गरेर
जिन्दगी जाने भयो कमैया बनेर। (दुर्जनकुमार चौधरी, म कमैया, २०७६)

घ ए पण्डित !
मैले बनाएको दियो मन्दिरमा सजाउँछौ
मैले सिलाएको टोपी शिरमा लगाउँछौ
मेरो रगत तिम्रो मुटुले स्वीकार गर्छ
त्यतिबेला चाहि तिम्रो जातिवाद किन मौन ?? (चिन्तन नेपाल, अछुत, २०७६)

ङ. सरकार !
यो देशकै नाम गलत छ

'नेपाल' राष्ट्र हैन सिर्फ एक ब्राह्मण जाति हो
बहुजाति, बहुधार्मिक, बहुभाषिक मुलुकमा
एकात्मक नश्लीयता कसरी हाबी भो ? (सुरेशसिंह सम्बाहाङ्फे, यो देश हाम्रो पनि हो, २०७६)

वर्तमान नेपाली कवितालाई कथ्य र शिल्प दुई आधारमा विश्लेषण गर्दा यसको वास्तविक प्रवृत्तिको निरूपण गर्न सकिन्छ । आजका कविताका कथ्य विषय वा वस्तुले नेपाली समसामयिक जनजीवनका साथै आजका आम मान्छेले भोगेका सामूहिक पीडालाई अगाडि सारेको पाइन्छ । वर्तमान नेपाली कविता नेपालको सङ्क्रमणकालीन राजनीतिक परिवेश तथा भू–राजनीतिक परिवेशले सिर्जना गरेको वस्तुयथार्थकै प्रवाहमा गतिशील देखिन्छन् । उत्तरआधुनिक प्रवृत्तिका रूपमा अगाडि आएका डायस्पोरिक चेतना, सांस्कृतिक चेतना, परावृत्तीय तथा पर्यावरणीय चेतना, अभिघातिक चेतना, प्रविधिको प्रयोगजस्ता विशेषताहरू नेपाली कविताका सन्दर्भमा यथार्थवादी लेखन कै धारमा गतिशील हुनुले पनि वर्तमान नेपाली कविताको केन्द्रीय प्रवृत्ति यथार्थवादी नै बनेको पाइन्छ । समसामयिक नेपाली कवितामा युगीन यथार्थ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिलाई यथार्थरूपमा अभिव्यक्त गरिएको पाइन्छ । यस अवधिका कवितामा २०३६ देखि २०६२÷६३ सम्मका राजनीतिक घटना प्रतिघटनाका साथै गणतन्त्र घोषणा भएपछिका अन्यौलता, घातप्रतिघात, राजनीतिक सन्दर्भ आदिलाई प्रस्तुत गरिएको देखिन्छ । वस्तुयथार्थको अभिव्यक्ति, नारीचेतनाको प्रकटीकरण, राजतन्त्र विरोधी चेतना, प्रजातान्त्रिक तथा लोकतान्त्रिक चेतना, समसामयिक राष्ट्रिय अन्तर्राष्ट्रिय चेतनाको अभिव्यक्ति मानवीय जीवनका विभिन्न संवेदना, वर्तमान दीनहीन जीवनको अभिव्यक्ति यस अवधिका कवितामा पाइने प्रमुख विशेषताहरू हुन् । यी विशेषताले गर्दा नै नेपाली कवितालेखनको वर्तमान समयावधिलाई यथार्थवादी धाराका रूपमा नामकरण गर्नु उपयुक्त देखिन्छ ।

समसामयिक युगमा लेखिएका कवितामा यथार्थतालाई महत्त्व दिई शिल्पशैलीको प्रयोग गरिएको पाइन्छ । सरल सम्प्रेष्य एवम् वस्तुपरक भाषाको प्रयोग, सूक्तिमयता, सङ्क्षिप्तता तथा अभिव्यक्तिगत तीक्ष्णता, शिल्पसौन्दर्यमा भन्दा भावसौन्दर्यप्रतिको चासो, निर्वैयक्तिक भावको अभिव्यक्ति, लयढाँचागत विविधता यस अवधिका कवितामा पाइने शिल्पशैलीगत विशेषता हुन् । समसामयिक कवितामा प्रयोगवादी जटिल दुर्बोध्य भाषाभन्दा भिन्न सम्प्रेष्य प्रकृतिको समसामयिक वस्तुयथार्थलाई प्रकट गर्ने भाषाको प्रयोग गरेको पाइन्छ । यस अवधिका कविता प्रायः सङ्क्षिप्त आयाममा निर्मित भएका देखिन्छन् भने शिल्पगत चमत्कारमा भन्दा भावपक्षका प्रकटीकरणमा केन्द्रित बनेका छन् । शास्त्रीय, मुक्त दुवै किसिमका लय ढाँचाहरूमध्ये मुक्त लयको बढी प्रयोग हुनु, गजल ढाँचाको अत्यधिक प्रयोग हुनु, हाइकु, ताङ्का लगायतका लय ढाँचाको प्रयोग हुनु समकालीन नेपाली कवितामा शिल्प शैलीगत विशेषता हुन् रङ्गवादीहरूको चित्रात्मक कविता लेखनलाई यस अवधिको महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ ।

आजका कविताको शैलीमा शास्त्रीयताको पूर्ण निर्वाह छैन । पद्य कवित्व गौण हुँदै गद्यको प्रभुत्व भएका यस अवधिका कवितामा शास्त्रीय गुण अलङ्कार, रीति, वक्रोक्ति एवम् ध्वनि लगायतका तत्त्वहरूको कमी हुँदै कवितामा जटिलताको समाप्ति भई भाषिक सरलताको प्रयोग हुन थालेको छ । भाषिक सरलताको प्रयोग हुनुको अर्थ कवितामा जनसामान्यले प्रयोग गर्ने यथार्थमूलक भाषाको प्रयोग हुनु हो । यसले पनि आजका नेपाली कविताको मूल प्रवृत्ति यथार्थवाद नै बन्न पुगेको छ । आजका कवितामा गजल, हाइकु, ताङ्काजस्ता शैलीगत नवीनताहरू भित्रिएका छन् । यी रचनामा प्रयुक्त भाषिक संरचना पनि सरलताका प्रवाहमा नै गतिशील हुनुले पनि आजका कविताको मूल प्रवृत्ति यथार्थवाद नै बनेको देखिन्छ ।

**निष्कर्ष**

नेपाली कविताका सन्दर्भमा वि.सं. २०३६ भन्दा पछाडिका समयसीमालाई जनाउन समकालीनता समसायिकता, परवर्ती, उत्तरवर्तीजस्ता पदावलीको प्रयोग हुँदै आएको पाइन्छ । यी शब्दावलीले विशेषतः परिवर्तनशील र गतिशील समयशृङ्खलालाई सङ्केत गर्दछन् । यी पदहरूले लामो समय शृङ्खलालाई सङ्केत गर्न सक्दैनन् । यी पदहरूको यस अवधिका कविताका प्रवृत्तिहरूलाई सङ्केत नगरी कालिक अवधारणालाई जनाउने भएकाले पनि यस अवधिका कवितात्मक प्रवृत्तिहरूलाई

समेट्ने गरी वर्तमान नेपाली कविताको नामकरण गर्नु उपयुक्त मानिन्छ । यस तात्पर्यमा २०३६ पछिको नेपाली कविताका लागि यस अवधिका प्रवृत्ति तथा मूल्यमान्यताहरूका निचोडमा यथार्थवादी युग नामकरण गर्नु वैज्ञानिक देखिन्छ । विविध विषयवस्तुको अभिव्यक्ति हुँदाहुँदै पनि २०३६ सालदेखि आजसम्मको नेपाली कवितामा यथार्थवादी लेखनकै प्राधान्य हुनाका साथै यसकै स्थिरता देखिएकाले वि.सं. २०३६ पछिको समयावधिलाई यथार्थवादी युग नामकरण गर्नु वैज्ञानिक हुन्छ ।

**सन्दर्भसामग्री**

गौतम, लक्ष्मणप्रसाद (२०६०). *समकालीन नेपाली कविताको बिम्वपरक विश्लेषण.* साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८). उत्तरवर्ती नेपाली कविताका प्रवृत्ति. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा). *रत्न बृहत नेपाली समालोचना.* रत्न पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव. न्योपाने, दैवज्ञराज र सुवेदी, केशव (२०५४). *नेपाली कविता भाग–४* (ते.सं.). साझा प्रकाशन ।

न्यौपाने, दीपकप्रसाद (२०६६). नेपाली कविताको परवर्ती युग : परम्परा प्रवृत्ति र विशेषता. *शब्दाङ्कुर* (वर्ष ८, अङ्क ११, पूर्णाङ्क ९). पृ. २१–३९ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना, सिद्धान्त र प्रयोग.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५२). नेपाली समसामयिक कविता. नरेन्द्र चापागाई र दधिराज सुवेदी (सम्पा). *काव्य समालोचना.* पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६७). *पूर्वी र पाश्चात्य साहित्य सिद्धान्त* (ते.सं.). विद्यार्थी पुस्तक भण्डार ।